परिचय

# सहायतादेखि साँठगाँठसम्म

तात्सुरो फुजिकुरा

## विदेशी सहायता, सरकारी रवैया, स्वावलम्बन

चाहे त्यो सरकारी होस् वा गैरसरकारी, सधैँ नागरिकको जीवनमा हस्तक्षेप गर्ने, प्रभावितहरूप्रति बिल्कुलै कुनै औपचारिक उत्तरदायित्व वहन नगरी तिनीहरूको भौतिक र सांस्कृतिक जीवन रूपान्तरण गरेर त्यसलाई आकार दिने प्रयत्न वैदेशिक सहायताको रही आएको छ । कुनै निश्चित समयमा निश्चित विकासे कार्यक्रमको लक्षित समूह बनाइएका अधिकाङ्श गाउँले, बालबालिका, महिला अथवा सहरी गरीबहरूलाई कुन प्रक्रियाद्वारा अथवा किन उनीहरू सो कार्यक्रमबाट 'लाभान्वित' हुने वर्गको रूपमा छनोट भएका हुन् भन्ने जानकारी हुँदैन । यसरी रहस्यमय ढङ्गले चुनिएका 'लाभान्वित' वर्गलाई 'स्वावलम्बनका लागि सहायता' कार्यक्रममा सक्रिय सहभागिताका लागि आग्रह गरिन्छ । यदि तिनीहरू स्वेच्छिक रूपले सहभागी भएनन् अथवा कार्यक्रमबारे कुनै गुनासो गरे भने तिनीहरूलाई अल्छी, लोभी, स्वार्थी, जिद्दी वा पटमूर्ख भएको आरोप लगाइन्छ । कार्यक्रमको अवधि पनि लाभान्वित हुने भनिएका वर्गले होइन दाताहरूले निर्णय गर्छन् । दुई

नेपालीमा अनुवाद गरेर सहयोग गर्ने नेत्र आचार्यप्रति म कृतज्ञ छु ।

अथवा पाँच वर्षपछि आयोजनामा सदस्यहरू जसरी देखा परेका थिए उस्तै अकस्मात र रहस्यमय ढङ्गले हराउँछन् । साथै सामान्यतः लक्षित समूहलाई कुनै महत्त्वपूर्ण समस्या अथवा कानुनी अवरोध भएमा समेत निवेदन गर्न तिनीहरू कहाँ छन्, के गर्दैछन् पत्तो लाग्दैन ।

यो पुस्तक यस्तो पद्धतिको सानो तर महत्त्वपूर्ण अपवाद हो । यो पुस्तकमा एक जना विदेशी सहायताकर्मी सादामाचुले नेपालमा बस्दा गरेका र सोचेका कुरा र पछि आफ्ना तिनै अनुभवहरूमाथि गरिएको दृष्टिपातको प्रतिबिम्ब समेट्नु भएको छ । सादामाचुले यसलाई पहिला आफ्नै मातृभाषा जापानीमा लेख्नु भएको थियो । जापानमा यो पुस्तकको व्यापक समीक्षा भयो र जापानका गैरसरकारी संस्थाको कार्यपद्धतिप्रति चासो राख्ने सबैले रुचिसाथ पढे । तर सादामाचु यहीँ रोकिनुभएन । उहाँले नेपाली र जापानी दुवै भाषाका विज्ञको सहायतामा यो पुस्तकलाई नेपालीमा अनुवाद गर्न ठूलो प्रयत्न गर्नुभयो । मलाई लाग्छ, यो प्रयत्न नै पुस्तकमा वर्णित व्यक्तिगत परिवर्तनको प्रतिबिम्ब हो । आरम्भमा, उहाँले आफूलाई अरू सहायताकर्मी जस्तै महसुस गर्नुभएको थियो । उहाँ सहायता प्राप्त गर्नेहरूसँग अस्थायीरूपले सम्बद्ध हुनुहुन्थ्यो । तिनीहरूलाई सहीरूपमा प्रेरणा र सहायता दिनुहुन्थ्यो । एक पटक सहायता प्राप्त गर्ने समुदाय आफैँ सचेत भएर प्रोजेक्ट सञ्चालन गरी आफ्नै स्वायत्त विकास पथमा अगाडि बढ्न थालेपछि बाहिरबाट सहायता गर्ने उहाँ दृश्यबाट कहिल्यै अस्तित्वमा नभएझैँ कुनै चिनो नछोडी अदृश्य हुने स्थिति आयो ।

उहाँले आरम्भमा कल्पना गरेजस्तै सबै थोक हुन गएको भए यो पुस्तकलाई नेपाली भाषामा अनुवाद गरेर प्रकाशन गर्न आइपर्ने सबै झन्झट व्यहोर्नुपर्ने थिएन । वास्तवमै उहाँका नेपाली समकक्षीहरू र सहायता प्राप्त गर्ने समूहलाई अन्तिम मूल्याङ्कन रिपोर्टभन्दा धेरै कुरा दिनु राम्रो हुन्थ्यो । तर यसो गर्नु आवश्यक भएन । खासमा जापानी गैरसरकारी संस्था शाप्ला नीर (Shapla Neer) को प्रतिनिधिका रूपमा आफ्नो कार्यकालको आखिरीतिर उहाँले सफल सामुदायिक सशक्तीकरणसँग सम्बन्धित केश स्टडिको पुस्तक लेख्ने योजना बनाउनुभएको थियो । अर्को शब्दमा विकास सहायतामा रुचि राख्ने जापानीहरूलाई सम्बोधन गर्ने उद्देश्य यो पुस्तकको थियो । साथै सादामाचुको शब्दमा कठिनाइहरूका बाबजुद कसरी स्थानीय नागरिकहरूलाई नै कार्यक्रमको लक्षित समुदाय र सक्रिय प्रतिनिधि बनाएर सामुदायिक सशक्तीकरण सम्भव हुनसक्छ भन्ने लक्ष्य थियो ।

पाठकका हातमा अहिले रहेको पुस्तक भने भिन्न प्रकृतिको छ। यो एउटा सुखद अन्त्य हुने कथा होइन। यो त कठिनाइ, सङ्घर्ष, अनपेक्षित घटना, समाधान नभएका सवाल र यिनकै निरन्तर प्रतिबिम्बहरूको कथा हो। पुस्तकको अन्त्यमा हामीले सादामाचुलाई उहाँ नेपालमा पहिलो पटक सन् १९९४ मा आउँदाको जस्तो म्यान्चेस्टर विश्वविद्यालयमा पढेका सामुदायिक सशक्तीकरणका सिद्धान्तहरूलाई व्यवहारमा प्रयोग गर्न उत्सुक व्यक्तिभन्दा धेरै फरक पाउँछौँ। पुस्तकको अन्त्यमा उहाँ अक्सर देखिने जस्तो एक दिन गाउँलेहरूलाई जग्गाजमीनविहीन दरिद्र ग्रामीण भन्ने र अर्को दिन आफूलाई उनीहरूभन्दा बाहिरको विकासे विशेषज्ञ ठान्ने तथा स्थानीयहरूसँगको हेलमेल र जम्काभेटबाट कत्ति परिवर्तन नहुने औसत विशेषज्ञ रहनुहुन्न। यस खालको परिवर्तन भएकै कारणले, मेरो विचारमा, उहाँले यो पुस्तकलाई नेपालीमा अनुवाद गर्ने पहल गर्नुभएको हो। मैले यसबारे पछि अरू धेरै कुरा भन्नु छ। तर सुरुमा, यो पुस्तकका मुख्य विषयवस्तुको पूर्वसमीक्षा गरौँ।

## कमैया समस्यासँग साक्षात्कार

यो पुस्तक सादामाचुले पश्चिम नेपालमा कमैया शब्द सुनेको बेलाको सम्झनाबाट सुरु हुन्छ। उहाँलाई यो शब्दले त्यो क्षेत्रका जमिनदारका दासको रूपमा काम गर्न बाध्य पारिएका थारू बँधुवा श्रमिकहरूलाई जनाउँदो रहेछ भन्ने थाहा हुन्छ। यो कुराले उहाँमाथि गहिरो प्रभाव पार्छ, र उहाँ कमैयाहरूलाई लाभदायी परियोजना तयार गर्ने सम्भाव्य उपायहरूको खोजी सुरु गर्नुहुन्छ। सुरुबाटै उहाँले जमिनदारहरूको नियन्त्रणमा रहेका कमैयासँग प्रत्यक्षरूपले काम गर्नुको कठिनाइ महसुस गर्नुहुन्छ। बर्दियाको खोसिएको जग्गामा बसेका पूर्व कमैयाहरूको समुदायको अस्तित्वबारे केशव गौतमको मद्दतमा उहाँ थाहा पाउनुहुन्छ। तिनै पूर्व कमैयाहरूबीच कहिले सँगै नबसेको सादामाचुले त्यसपछि 'स्पेस' नामको गैरसरकारी संस्थालाई उनीहरूसँगै बसेर कमैया प्रथाबारे एउटा शोध गर्न अनुरोध गर्नुहुन्छ। सुरुका बेलाको कठिनाइका बाबजूद स्पेसका युवा कर्मचारीहरूले कमैया प्रथाबारे व्यवस्थित र विस्तृत अध्ययन पूरा गर्छन्। *इस्युज एण्ड एक्सपेरियन्सेस : कमैया सिस्टम, कनरा आन्दोलन एण्ड थारूज इन बर्दिया* नामको यही शोध कार्यमा आधारित पुस्तक कमैया श्रम प्रथाबारे अझ विस्तारित र व्यवस्थित कृति हो।

जापानी गैरसरकारी संस्थाले अस्वाभाविक रूपले छ महिनाको समय र शक्ति प्राथमिक शोध कार्यमा खर्च गरेर विषयवस्तुको गहिरो बोध गरिसकेकोले कमैया समस्यालाई सम्बोधन गर्ने सहायता कार्यक्रम ल्याउन तयार थियो ।

प्राथमिक शोध कार्य पछि स्पेसका कर्मचारीहरूले शाप्ला नीरले 'पाइलट एसिस्टेन्स प्रोजेक्ट' लाई कमैया बसोबासको पहल गर्न समर्थन गर्ने बताए । विशेष गरी गाउँमा कार्यरत स्पेसका कर्मचारीहरूले तरकारी बगैँचा र साक्षरता कक्षा सञ्चालन गर्न साथै कनरा मूल समितिको लागि बेग्लै सहायताको प्रस्ताव गरे । कनरा मूल समिति पुनर्वास गरेका कमैयाहरूको छाता सङ्गठन थियो । यसको मूल उद्देश्य पुनर्वास क्षेत्रमा सबैका लागि जमिनमाथिको अधिकार हासिल गर्नु थियो । तर सादामाचु र शाप्ला नीरका टोकियो स्थित पदाधिकारीहरूले कमैयाहरूको यो चाहिँ प्रस्ताव अस्वीकार गरे । स्थानीय जनताको भूमि अधिकार आन्दोलनलाई समर्थन गर्ने कार्य राजनीतिक हिसाबले समेत संवेदनशील भएको कारणले उनीहरूले यस्तो निर्णय गरेका थिए । शाप्ला नीरका पदाधिकारीहरूले यस प्रकारका राजनीतिक सवालमा सम्बद्ध हुँदा आफूहरूलाई नेपालबाटै बाहिरिनु पर्ने परिस्थिति पनि आउन सक्छ भन्ने सोचेका थिए । यसले गर्दा कनरा समुदाय चिढिए । आखिरमा उनीहरूले अन्त्यमा एउटा तर्कसङ्गत अनुरोध गरे । परिणामतः गैरसरकारी संस्थाका पदाधिकारीहरूले अस्थायीरूपमा समुदाय छोड्नुपर्ने भयो । स्पेसका सदस्यहरूले भने सादामाचु र शाप्ला नीरका पदाधिकारीलाई आक्षेप लगाउँदै भूमि अधिकार प्राप्तिको आन्दोलनमा स्थानीयवासीको समर्थन गर्ने चाहना देखाए ।

यो उथलपुथलले वैदेशिक सहायताको शास्त्रीय चरित्रमा खास गरी बनावटी राजनीतिक तटस्थता देखाउँछ । जेम्स फर्गसनले तर्क गरेझैँ, विकासले गरिबीको गहन राजनीतिक प्रकृतिलाई बेवास्ता गरी गरिबीको समस्या समाधान गर्न केवल तटस्थ प्राविधिक हस्तक्षेप गर्छ । सादामाचु र शाप्ला नीरका पदाधिकारीहरूले स्पेसका सदस्य र बर्दिया निवासीहरूलाई आफूहरूले विकास सहायता प्रदान गर्न सक्ने तर कुनै प्रकारको राजनीतिक हस्तक्षेप गर्न नसक्ने बताएका थिए । मैले आरम्भमा लेखेजस्तै विकास सहायतामा सधैँ लक्षित समुदायको भौतिक र सांस्कृतिक अवस्थालाई आकार दिने प्रयत्न रहिआएको छ । यस अर्थमा विकास सहायता सधैँ राजनीतिक चरित्रको हुने गर्छ । अर्को शब्दमा, संरचनागत गरिबी र जनताका दुःखदर्द निर्मूल वा न्यून गर्ने कुरासँग विकास सहायताको कुनै

सरोकार छ भने यसले शक्ति र असमानताको सम्बन्धमाथि हस्तक्षेप गरी त्यसलाई रूपान्तरण नै गर्नुपर्छ । यसभन्दा अन्यथा गर्नु भनेको शोषणको विद्यमान संरचनालाई संरक्षण गर्न झूठको खेती गर्नु हो ।

अलङ्कार र अभ्यासको तहमा 'विकास सहायता' र 'राजनीतिक हस्तक्षेप' को बीचमा सधैँ बनावटी रेखा खिचिएको छ । साथै यो रेखाको निर्माण पनि सधैँ राजनीतिक चरित्रको रहेको छ । अर्थात् शक्तिमा भएकाहरूको हितलाई ध्यानमा राखेर नै यस्तो रेखा खिच्ने गरिएको छ ।

तैपनि यो पुस्तकले हामीले पहिलादेखि नै जानीबुझी आएको विकास सहायताको गैरराजनीतिक बहानाबाजीका त्रुटिहरू उजागर गर्ने काम मात्र गर्दैन, यसले योभन्दा धेरै कुरा प्रस्ट पार्ने जमर्को गरेको छ । यो पुस्तकले सम्बद्ध सबै पक्षको शुभेच्छाका बाबजूद कसरी दाता र सहायता प्राप्त गर्ने समुदायबीचको अमिल्दो सम्बन्धले आपसी संवादमा अवरोध सृजना गर्छ र अविश्वास तथा असमझदारी पैदा गर्छ भन्ने तथ्य अत्यन्त इमानदारी प्रस्तुत गर्छ । यसले विकास सहायता राजनीतिक रूपले तटस्थ हुनुपर्छ भन्ने सर्वमान्य विश्वासले गर्न सम्भव कुरा कसरी सीमित बनाउँछ भन्ने मात्र होइन, कसरी विकास प्रतिनिधिहरूले ती मान्यता र तिनका प्रभावमाथि प्रश्न उठाउन सिक्छन् र आफ्ना गतिविधि पहिलाभन्दा भिन्न ढङ्गले थाल्न सक्छन् भन्ने कुरा छर्लङ्ग पारेको छ । हामीले यसमा छलफल गर्नुभन्दा पहिला सादामाचु नेपालमा आफ्नो पहिलो कार्यकालमा रहँदा फँसेको एउटा अर्को आहानबारे जान्नु आवश्यक हुन्छ ।

## स्वावलम्बन

पुस्तकको थालनीदेखि सादामाचुले आदर्श विकास परियोजना त्यही हो जसमा स्थानीय बासिन्दाहरू नै कर्ता र लक्षित समूहसमेत हुन्छन् भन्ने कुरा बारम्बार दोहोऱ्याउनु भएको छ । उहाँ लेख्नुहुन्छ, विकास परियोजना परिभाषित गर्ने, त्यसलाई आकार दिने र सञ्चालन गर्ने जिम्मा स्थानीय बासिन्दाकै हुनुपर्छ । बाहिरका सहायताकर्मीले प्रक्रियाको आरम्भताका सहायता पुऱ्याउने मात्र हो । यसरी आफ्ना विचार राख्दै जाँदा सादामाचु नजानिँदो रूपले 'स्वावलम्बन' शीर्षकमाथिको विविधतायुक्त र लामो परम्परागत बहसमा सहभागी हुनुहुन्छ । स्वावलम्बनमाथिको बहसको मूल जरो कैयौँ प्राचीन धार्मिक परम्परामा भेटिने गर्छ र यो गान्धीवादी र डच्यूइयन समुदायको विकास परियोजनाको केन्द्रमा

रहेको छ । राणा शासनको अन्त्यपछि नेपालमा पहिलो पटक सञ्चालन गरिएको विकास कार्यक्रम गाउँ विकास कार्यक्रम थियो । त्यो कार्यक्रमको परिकल्पना गर्ने र सहायता पुऱ्याउने काम अमेरिकी सरकारी विकास सहायताकर्मीले गरेका थिए र सामुदायिक स्वावलम्बनको अवधारणा नै यसको केन्द्रीय दर्शन थियो । मैले अन्यत्र पनि भनेको छु, सन् १९५० को दशकमा सामुदायिक विकास परियोजना राज्य प्रदत्त थिए । साथै सामुदायिक स्वायत्तताको आलङ्कारिक प्रचारका बाबजूद ती परियोजनाको सर्वाधिक प्रस्ट प्रभावमध्ये सरकारी प्रशासन यन्त्रको विस्तार गर्नु नै प्रमुख थियो । मैले उल्लेख गरेजस्तै सन् १९८० का सामुदायिक सशक्तीकरण परियोजनाहरूले पनि सन् १९५० ताकाकै जस्तो आलङ्कारिक तकनिकी प्रयोग गरेका थिए । तैपनि सन् १९८० को दशकका सामुदायिक सशक्तीकरण परियोजनाहरू नवउदारवादी अवधारणा र संरचनागत समायोजनका मापकहरू कायम भएको संसारमा सञ्चालन भएका छन् । पछिल्लो अवस्थामा समुदाय सशक्तीकरणको आलङ्कारिकताले नवउदारवादी राज्यद्वारा गरीब र निरीह जनताको हित लत्याउने नीतिलाई निहुँका रूपमा सेवा गरेको छ ।

मैले स्वावलम्बन परियोजनाहरू तात्विकरूपले नै त्रुटिपूर्ण छन् भन्ने तर्क गर्न खोजेको होइन । यसको साटो, म त स्वायत्तता, नियन्त्रण र स्वराजलाई बल पुऱ्याउने सबै पहलहरू स्वागतयोग्य छन् भन्ने कुरामा विश्वास गर्छु । मैले यहाँ औँल्याउन चाहेको कुरा स्वावलम्बनका बहसहरूमा देखिने हामी बाँचिरहेको शक्ति सम्बन्ध र वृहत् संरचनालाई धुमिल राख्न खोज्ने प्रवृत्तिबारे हो । खास कुरा त यो पुस्तकमा व्याख्या गरिएको अराजनीतीकरण र स्वदेशीकृत (डिपोलिटिसाइज्ड र डोमेस्टिकेटेड) फ्रेररीयन शिक्षण प्रणाली (पेडागोजी) हो । फ्रेररीयन शिक्षण प्रणालीलाई प्रायः परम्परागत विकास कार्यक्रममा उपयोगको साधनका रूपमा लिइयो । अर्थात् गरीबलाई उनीहरूको गरिबीको वास्तविक संरचनागत कारणहरूलाई पर्दाभित्रै राखेर केवल सरसफाइ र स्वास्थ्यका कुराहरूमा सचेत हुन भनियो । पाउलो फ्रेरको विचार त हरेक जीव (मानवसमेत) अन्य जीवसँगको अन्योन्याश्रित सम्बन्धको बलमा संरचित हुन्छ भन्ने तथ्यलाई जोड दिने आलोचनात्मक तत्त्वशास्त्रको परम्परामा भित्रै मूलसम्म जोडिएको छ (हेर्नोस्, पाउलो फ्रेरका सघन विचारको लागि गौतम २०५१) । एक पटक तपाईंले व्यक्तिहरू र ससाना समुदायहरूसँग मानौ तिनीहरू अन्य जीवहरूको बृहत् सञ्जालबाट अलग्गिएर

रहन सक्छन् भन्ने सोच राखेर व्यवहार गर्न थाल्नुभयो भने तपाईं रहस्यमयताको घुम्टोमा हराउनुहुन्छ ।

परम्परागत विकास कार्यक्रममा फ्रेररीयन भनिएको पद्धति के कुरामा कमजोर देखिन्छ भने यसले मानव मात्रको सहसम्बन्धयुक्त संरचनाको व्याख्या गर्न सक्तैन । यो पुस्तकमा आखिरी अध्याय नआउँदासम्म यही अवस्था रहेको छ । यहाँ दोहोरो अज्ञानता देखिन्छ । पहिलो स्थानीय र क्षेत्रीय इतिहासप्रतिको अज्ञानता हो जुन कुरा शाप्ला नीरको भूमिसम्बन्धी सवालमा सहायता गर्न इन्कार गरेको घटनाले प्रस्ट पार्छ । वास्तवमै शाप्ला नीर आफैले स्पेसका कर्मचारीलाई त्यो क्षेत्रको ऐतिहासिक खोज गर्न भनेको थियो, र स्पेसले सङ्घर्ष र वेदखलीको इतिहास विश्लेषण गरिदियो । तैपनि यो पहिलो स्तरको रिपोर्ट पाएर शाप्ला नीरले हामी राजनीतिक जस्तो देखिने कुनै पनि हस्तक्षेप गर्नबाट टाढै रहन चाहन्छौँ भन्दै रिपोर्टको मुख्य निष्कर्षलाई बेवास्ता गर्ने निर्णय गर्‍यो । त्यो अस्वीकृतिपछि पनि शाप्ला नीरले आफ्नो परियोजना फ्रेरको सिद्धान्तमै अडिग छ भन्ने सोच्नु भने साँच्चै नै आश्चर्यजनक थियो । अर्को अज्ञानता शाप्ला नीर र भूमिहीन थारू समुदायबीचको सम्बन्धबारे छ । यसमा सादामाचुले तिनीहरू किन एकअर्काको जीवनसँग सम्बद्ध भए भन्ने प्रस्टचाउने कुनै चेष्टा गरेका छैनन् । शाप्ला नीरका सदस्यहरूले स्थानीय जनताका दृष्टिमा त्यो सम्बन्ध कस्तो देखिन्थ्यो होला भन्ने प्रतिबिम्बित र कल्पनासमेत गर्न असफल भएका छन् । यो अज्ञानता सामुदायिक स्वावलम्बन बहसको अराजनीतिक र अदूरदृष्टिको नतिजा हो । सादामाचुले यो अज्ञानता र त्यसपछि आइपरेका घटनाक्रमहरूको अनुभूति यो पुस्तकको अन्तिम अध्यायमा छलफल गर्नुभएको छ ।

## कमैया मुक्ति अभियान

सादामाचुलाई नेपालमा यो साहसिक कार्यको अर्थ र मूल्य प्रतिबिम्बित गर्न २०५७ मा भएको कमैया मुक्ति अभियानले प्रेरित गरेको थियो । सादामाचुले नेपालमा पाँच वर्षसम्म परीक्षण र अप्ठ्याराहरू सहेपछि एक सय घर जति पहिलेका कृषि श्रमिकहरूको सहभागितामा वचत समूहहरू सृजना गर्न सहयोग गर्नुभयो । सफल पनि हुनुभयो । कमैया मुक्ति अभियान दुई लाख बँधुवा श्रमिकहरूको मुक्तिमा परिणत भयो । सादामाचुले एक्सन एड, सेभ द चिल्ड्रेन युएस जस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रस्टैरूपमा राजनीतिक चरित्रको सो

अभियानलाई सक्रियरूपले सहयोग गरेको देख्नुभयो । हामीले पहिल्यै छलफल गरेजस्तै, सादामाचु र शाप्ला नीरको दृष्टिमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था कतैबाट पनि आतिथेय देशमा राजनीतिक गन्ध भएका कुनै पनि गतिविधिमा सहभागी हुन सक्तैनथ्यो । अब त यो सीमा अरू मुख्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले ख्याल गरेका छैनन् भन्ने प्रस्ट भएको थियो ।

२०५७ को कमैया मुक्ति अभियान एउटा विशेष अभियान थियो जुन नेपाली इतिहासको अद्वितीय क्षणमा प्रादुर्भाव भयो । यो अभियान अझै जारी छ, र कैयौँ हजार मुक्त बँधुवा श्रमिकहरू अझै पनि सरकारबाट न्यूनतम पुनर्वासको व्यवस्था पाउनका लागि सङ्घर्ष गर्न बाध्य छन् । यो पुस्तकले एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको दृष्टिकोणबाट कमैया मुक्ति अभियानको चर्चा गर्छ। यसलाई अन्य दृष्टिकोणबाट यहाँ छोटो चर्चा गरौँ ।

२०५७ मा २०४७ को जनआन्दोलन पछि दस वर्ष बितिसकेको थियो । संसदीय प्रजातन्त्रप्रति एक प्रकारको भ्रमबाट पूरै मुक्त भइसकेको स्थिति थियो । यो भ्रममुक्ति खासमा प्रजातन्त्रको पुनर्स्थापनापछि राजनीतिक पार्टी र तिनका नेताको व्यवहारका कारण उब्जेको थियो । अधिकाङ्श जनता मुख्य राजनीतिक पार्टीको गतिविधिबाट निराश भएका थिए । यो निराशा आम मानिसको आकाङ्क्षालाई सम्बोधन गर्न नसकेको चालु संसदीय प्रणालीप्रति सघन हुँदै गइरहेको थियो । २०५७ सम्म तीनओटा आम निर्वाचन सम्पन्न भइसकेका थिए । संसदीय प्रजातन्त्रका रक्षकहरूले जनता र राजनीतिक पार्टी दुवै पक्षले क्रमशः कसरी प्रजातन्त्रले काम गर्छ भन्ने सिकिरहेका छन्, र थप केही आम निर्वाचनपछि प्रजातन्त्र सुचारु हुनेछ भन्ने तर्क गरिरहेका थिए ।

कमैया मुक्ति अभियानले भने भिन्न बाटो लियो । कमैयाहरू थप आम निर्वाचनको प्रतीक्षा गर्ने, राजनीतिक पार्टीहरू प्रौढ हुँदासम्म तथा सरकारले २०४७ को संविधानले प्रत्याभूत गरेका मानवअधिकारहरू लागू गर्दासम्म र यसैबीच सरकारी प्रशासन हेर्ने कर्मचारी र विकासे पेशाकर्मीहरूले कमैयाको नाममा गोष्ठी आयोजना गरेर रिपोर्टहरू लेख्दै आम्दानी बढाउन दिने पक्षमा थिएनन् । यसको साटो, कैलालीका १९ कमैया र तिनका समर्थकहरू स्थानीयस्तरका सर्वसाधारण सदस्य रहने स्थानीय सङ्गठन 'बेस' र नेपाली तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनको सञ्जाल तथा नागरिकहरूले कमैया मुक्तिको लागि जनपरिचालन थाले । यो अभियानका सहभागी र समर्थकहरू पार्टी राजनीतिभन्दा

माथि उठेका थिए । यो अभियानको विशेषता यही रह्यो । यो अभियानमा सर्वसाधारण, पुरुष र महिला, भूमिहीन र साना किसानका साथै पेशाकर्मी र विद्वत् वर्ग सहभागी थिए । देशमा गृहयुद्ध चर्किंदै गएको अवस्थामा यो आन्दोलन पूरै अहिंसात्मक थियो । महत्त्वपूर्णरूपले, यो सरकार र विकास उद्योगका विरुद्ध भए पनि आन्दोलनले सरकार बदल्ने वा विकासे परियोजनाहरू अस्वीकार गर्ने लक्ष्य राखेको थिएन । अर्कोतिर यसले तत्कालीन सरकार तथा विकास सङ्गठनहरूलाई ठीक ढङ्गले काम गर्न आग्रह गरेको थियो ।

अन्य विरोध कार्यक्रमभन्दा भिन्न, यो अभियानले आफ्ना मागहरू अत्यन्त प्रस्टरूपले अगाडि सारेको हुँदा सरकारले स्वीकार गर्न र त्यसलाई पूरा गर्न कदम चाल्न सक्थ्यो । उदाहरणका लागि, अभियानको भित्र र बाहिर भएका धेरैलाई कमैया समस्याको एउटा मुख्य मुद्दा भनेको असमान भूमि अधिकार प्रणाली नै थियो । जेभए पनि जरैदेखि र प्रभावकारी भूमिसुधार नै अभियानको मुख्य उद्देश्य हुनुपर्छ भन्नेमा अधिकाङ्श सहमत भए पनि अभियानले २०५७ मा यसलाई मुख्य विषय नबनाउने निर्णय गऱ्यो । किनभने आन्दोलनमा सहभागी धेरैलाई भूमिसुधारको काम सरकारले त्यति शीघ्र गर्न सक्तैन भन्ने थाहा थियो । सम्पत्तिको समान पुनर्वितरण अथवा शोषणमुक्त समाजको निर्माण (यही कुरा बेसको आधिकारिक धारणा थियो) अधिकाङ्श सहभागीहरूको साझा अपेक्षा भए तापनि उनीहरूले यो सम्भव हुनसक्छ भन्ने कल्पना गरेका थिएनन् । यो अभियानले समस्याको समाधानका लागि चरण चरणका कार्यक्रम अघि सारेको थियो । त्यसमा पहिलो त उनीहरूले स्वतन्त्रता अथवा मुक्ति मागेका थिए । अभियानले सरकारसँग कमैयाहरूको ऋण मोचनको माग गर्दै उनीहरूलाई मुक्त भएको घोषणा गर्न माग गऱ्यो । संविधान र अन्य कानूनमा यी मागहरूको सुदृढ आधार कायम थियो । सरकारले राज्यले पहिल्यै वचनबद्धता जनाइसकेका सुनिश्चितताहरू पुनः परिभाषित गर्ने काम मात्र बाँकी थियो – यो काम सरकारले मन्त्रिपरिषद्को निर्णयमार्फत गऱ्यो र संसदले २०५७ साउन २ मा एकमतले यसलाई पारित गऱ्यो ।

मुक्ति पाएपछि कमैयाले भूमिअधिकार र पुनर्वासका सवालहरूलाई लिएर सङ्घर्ष गर्न थाले । मुक्तिको घोषणा भएको एक वर्षभन्दा कम समयमा प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा संसद विघटन गरियो । त्यसपछि नेपालमा प्रतिनिधिमूलक प्रजातन्त्रले काम गर्न सकेन । तैपनि मुक्त कमैयाहरूले उनीहरूका जरुरी माग पूरा गर्न संसदीय निर्वाचनको प्रक्रिया पुनः सुचारु नभएसम्मका लागि

पर्खन सक्तैनथे । निरन्तर ध्रुवीकरण हुँदै गइरहेको पश्चिम नेपालमा मुक्त कमैयाहरूले सुमधुर सन्तुलन कायम गर्दै सरकारी प्रशासनसँग पुनर्वासको प्रबन्धका लागि आवाज उठाइरहे । २०५८ मा बीबीसी नेपाली सेवाका पत्रकारले अन्तर्वार्ताका क्रममा बेसका अध्यक्ष डिल्लीबहादुर चौधरीसँग सोधे, “देश गृहयुद्धको अवस्थामा गुज्रिरहेका बेला नेपाल सरकारले किन कमैया पुनर्वासको सवालतिर ध्यान दिनु त ?” । डिल्लीबहादुर चौधरीले प्रमुख राष्ट्रिय सङ्कट यस्तै ससाना मुद्दाहरू राज्यले बेवास्ता गर्दा उत्पन्न हुन्छन् भन्ने जवाफ दिनु भयो । यस परिप्रेक्ष्यमा हामी भन्न सक्छौं, मुक्त कमैयाहरूले सङ्कटकालको आदेशका बाबजूद द्वन्द्वरत सरकारलाई कसरी शासन गर्ने भन्ने सिकाउन प्रयत्न गरिरहे । तिनीहरूको राजनीति धैर्यको नीति थियो । त्यो पूर्ण क्रान्तिको लागि गरिएको राजनीति थिएन, बरु आफ्नो स्थिति सुधार्न र पुनर्संरचना गर्नका लागि राज्यले उपलब्ध गराउने सुबिधाबाट पूरै वञ्चित भएर अनेकौं कठिनाइ झेल्दै अगाडि बढिरहेका थिए (फुजिकुरा २०६१) ।

## सहायतादेखि साँठगाँठसम्म

कमैया मुक्ति अभियानका सम्बन्धमा मेरा आफ्नै बुझाइहरू प्रस्तुत गरेपछि म अब सादामाचुका विचार उल्लेख गर्छु । सादामाचुका लागि कमैया अभियान नेपालमा उहाँका गतिविधिहरू र विकास सहायता तथा राजनीतिका सीमाहरू सुस्पष्ट ढङ्गले प्रतिबिम्बित गर्ने अवसर थियो । यो पुस्तकमा यो प्रतिबिम्बले उहाँलाई घरेलु सामाजिक–राजनीतिक सवालहरूमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको हस्तक्षेपको औचित्य अन्वेषण गर्न प्रेरित गर्छ । सादामाचु आशा गर्नुहुन्छ, मानवअधिकारको अवधारणाले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई राजनीतिसँग जोडिन पुग्ने सवालमा समेत चासो राख्न अनुमति दिन्छ । विश्वव्यापी मानवअधिकारको परिभाषाले राष्ट्रिय सीमाहरूलाई अतिक्रमण गर्छ भन्ने धारणाले अन्तर्राष्ट्रिय गैससलाई आतिथेय राष्ट्रमा यही सही हो भन्ने लागेको काम गर्न नैतिक र कानुनी आधार दिन्छ भन्ने उहाँ ठान्नुहुन्छ । पाठकले निश्चय नै देख्नु हुनेछ, ‘मानवअधिकार’ को आह्वान अथवा ‘अधिकारमुखी गतिविधि’ ले कुनै तरिकाले कसैलाई उनीहरूमाथि थोपरिएका समस्या र जकडिनुपरेको राजनीतिक चङ्गुलबाट मुक्त गर्न सक्तैन । अघिल्लो समस्या विकास र राजनीतिको भेदका कारण जन्मेको हो । अहिले यो समस्या एकातर्फ मानवअधिकार र मानवीय

सरोकारका सवालहरूबीच जेलिएको छ भने अर्कोतर्फ पूरै घरेलु मुद्दाहरूमा व्यक्त भएको छ । (मानवअधिकार र मानवीयतावादको राजनीतीकरण हामीले पहिल्यै देखिसक्यौँ, उदाहरणको लागि, अमेरिकाको सम्बन्धमा, कोसोभो, अफगानिस्तान र इराकमा 'मानवीय' बमबारी ।)

यसभन्दा पहिला मैले भनेको थिएँ, विकास स्वभावैले राजनीतिक हुने भएकोले राजनीति र विकासलाई छुट्ट्याएर हेर्नुको कुनै तुक हुँदैन । यसै गरी मानवअधिकारसँग सरोकारका कुराहरूलाई अन्य सरोकारका सवालबाट अलग्याएर हेर्ने चेष्टा गर्नु पनि उस्तै हो । सामाजिक र भौतिक सम्बन्धहरू साथै शासन प्रणालीको गहिरो अवलोकन र त्यसलाई व्यवस्थित र पुनः व्यवस्थित गर्ने निरन्तरको सङ्घर्ष बेगर मानवअधिकार (विशेष गरी विकासे संस्थाहरूलाई चासो भएको, जसमा फराकिलो हिसाबले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पनि समावेश हुन्छ) लाई सुनिश्चित गर्न सकिन्न । अर्को शब्दमा हामीले 'मानवअधिकार' (अथवा विकास) को बारेमा बोल्न र यसलाई सामान्य एवं स्वतःसिद्ध रूपमा परिभाषित गर्न सके पनि यसलाई वास्तवमै साक्षात्कार गर्नका लागि ऐतिहासिक सन्दर्भ र विस्तारित क्षेत्रहरूमा यसको सम्बन्धको बोध आवश्यक हुन्छ । यो ज्यादै प्राकृतिक कुरा हो किनभने मानवअधिकारको समस्या पनि विकासको समस्या जस्तै 'समृद्ध र सुखी जीवन' तथा यसका लागि आवश्यक भौतिक, सामाजिक र आध्यात्मिक अवस्था ल्याउने कुरासँग सम्बद्ध हुन्छ ।

स्थानीय जनताले योजना बनाएको र कार्यान्वयनसमेत गरेको आदर्श विकास परियोजनाको परिभाषाबाट सादामाचु यो पुस्तकको थालनी गर्नुहुन्छ । अन्तिम अध्यायमा ती बाहिरबाट आउने विकासकर्मीहरूले यो परिभाषा अनुरूप धेरै कुरा उल्लेख गर्न छुटाएको महसुस सादामाचु गर्नुहुन्छ । जबकि यही प्रक्रियाको एउटा अङ्गले यसको पहल र कार्यान्वयनमा पनि मद्दत गर्ने गर्छन् । परिणामतः उहाँ स्थानीय बासिन्दा र आफूबीचको सम्बन्ध प्रतिबिम्बित गर्नका लागि शाप्ला नीरले नेपालमा सहयोग गरेका परियोजनाहरूबारे विचार गर्न असफल देखिनुहुन्छ । उहाँले कमैया मुक्ति अभियानबारे बुझेपछि उहाँको मुख्य चासो वास्तवमा बर्दियाको कार्यक्रम सामुदायिक सशक्तीकरण परियोजनाको आदर्श परिभाषासँग मेल खाएको हो वा होइन (जुन मेल खाएको देखिन्छ) भन्ने नरहेको थाहा पाउनुभयो । यो त राजनीतिक जस्तो देखिने गतिविधिमासमेत एकअर्काबीच सहकार्य गर्नु सहसम्बन्ध विस्तार गर्नु सम्भव छ कि छैन भन्ने पो

थियो । त्यसपछि, मेरो विचारमा, प्रमुख प्रश्न भनेको असल विकास सहायता (वा पर्याप्त सहयोग गरिएको सामाजिक अभियान) बारे नयाँ स्वतः सिद्ध परिभाषाहरू सूत्रपात गर्नु मात्र होइन । बरु, जटिल परिस्थितिमा पनि निरन्तर के चाहिँ सम्भव छ भन्ने खोजी गर्दै मूर्त अभियन्ताहरूबीच सम्बन्ध निर्माण र पुनर्निमाण गर्नु चाहिँ प्रमुख सवाल हो ।

हामीले यो अहं सवाल यस पुस्तकमा कसरी परिवर्तन हुन्छ भन्ने तरिका पुनर्व्याख्या गर्न सक्छौँ । पहिला त यो सामुदायिक विकासको आदर्श प्रक्रियालाई परिभाषित गर्नु र त्यसपछि त्यसलाई समुदायमा कार्यान्वयन गराउनु थियो । केही वर्षको अनुभव र समझबाट यो सवाल बढी सीमारहित खोजतर्फ अर्थात् दिइएका ठोस सामाजिक-राजनीतिक अवस्थाहरूमा केकस्तो प्रकारको सहकार्य सम्भव हुन्छ भन्ने प्रश्नमा परिवर्तन हुन्छ । हामीले सहायताबाट सवाल साँठगाँठतिर सऱ्यो भनेर पनि भन्न सक्छौँ । थालनीमा, सादामाचुले आफूलाई सचेतना वृद्धि र सहायताको आवश्यकता परेका मानिसहरूलाई माथिबाट छनोट गर्ने एउटा अदृश्य सन्दर्भ-रहित विकास प्रतिनिधिका रूपमा परिभाषित गर्नुभएको थियो । अहिले समस्या मूर्त अभियन्ताबीच साँठगाँठतिर केन्द्रित भएको छ । यो सादामाचु स्वयं समेत सम्बद्ध ऐतिहासिक सन्दर्भले परिभाषित गरेका अभियन्ताहरूबीच ठोस सामाजिक-राजनीतिक सम्बन्ध स्थापना गर्ने कुराको सीमा र सम्भाव्यता खोज गर्ने सवाल हो । चित्रण बढी वास्तविक र फ्रेररीयन पनि भएको छ । किनभने फ्रेरले भनेका छन् मानवीय सम्बन्ध सहायता (अथवा ज्ञान) प्रदान गर्ने र लिनेबीच सहजरूपले कल्पना गरिने एकमुखे कहिल्यै हुँदैन, बरु यो त आपसी बुझाइ र अन्तर्क्रियाबाट परिभाषित हुन्छ ।[१]

सन् १९९९ मा नेपाल छोडेर जापान र बंगलादेशमा केही समय बिताएपछि सादामाचु अर्को अन्तर्राष्ट्रिय गैससको प्रतिनिधि बनेर नेपाल फर्कनु भयो । साथै नेपालमा राजनीतिक उथलपुथल भइरहेको समयमा अन्तर्राष्ट्रिय गैससको भूमिका संयोजन गरिरहनुभएको छ । यो समयमा, मैले पहिला उल्लेख गरेजस्तै सादामाचुले

---

१ हामीले के पनि सम्झनुपर्छ भने, रबर्ट च्याम्बर्स (जसलाई सादामाचुले पनि उद्धरण गर्नुभएको छ) ले विकासकर्मी र गरीबहरूको सम्बन्ध उल्टिनुपर्छ भन्ने सवाललाई निरन्तर जोड दिएर व्यक्त गरेका छन् । च्याम्बर्सले विकास भनेको आधारभूतरूपले सम्बन्धबारे हो, विकासले हुने र नहुनेबीच व्याप्त सम्बन्धलाई सचेत ढङ्गले प्रतिबिम्बित गर्न र यी सम्बन्धहरूलाई रूपान्तरण गर्नका लागि ठोस कार्यको माग गर्छ भन्ने तर्कमा पनि जोड दिएका छन् (हेर्नोस् Chambers 2005) ।

यो पुस्तक नेपालीमा अनुवाद गरेर प्रकाशन गर्न केही नेपाली र जापानी सहकर्मीहरू भेला पार्नुभयो । मैले पहिला भनेजस्तै यो कृति सादामाचुको व्यक्तिगत परिवर्तनको प्रतिबिम्ब हो, जुन कुरा पुस्तकमा पनि व्याख्या गरिएको छ । उहाँ अहिले आफूलाई इथियोपिया र नेपालबीच धेरै फरक नदेख्ने स्वतन्त्र र प्रवाहमान विकासकर्मीका रूपमा होइन, आपसी शिक्षण प्रणालीको सहसम्बन्धभित्र प्रवेश गर्नका लागि नेपालमा कार्यरत खास व्यक्तिहरू, समूहहरू र अभियानहरूको सहकार्यबीच सम्बन्ध स्थापना गर्न अन्तर्आत्मादेखि नै प्रतिबद्ध भएर लागिरहनुभएको छ । यो पुस्तक संसारका कुनाकुनाका मानिससँग बढी समदर्शी र न्यायपरायण आपसी सिकाइ, सहकार्य र सहसम्बन्धका सम्भावनाहरू सँगै विस्तार गर्न नेपाली पाठकलाई सादामाचुको आग्रह र आमन्त्रण हो ।

## सन्दर्भ सामग्री

गौतम, केशव । २०५१ । शिक्षा र सशक्तीकरण । *विकास* ३(५): ४२-४५ ।

फुजिकुरा, तात्सुरो । २०६१ । कमैया आन्दोलन र धैर्यताको राजनीति । *नेपालमा गरिबीको बहस* । भास्कर गौतम, जगन्नाथ अधिकारी र पूर्ण बस्नेत, सं., पृ. १८४-१९६ । काठमाडौँः मार्टिन चौतारी ।

Chambers, Robert. 2005. *Ideas for Development*. London: Earthscan.